हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ४ | सङ्ख्याः १ | मितिः २०७७।०७।२३

## भाग- ३

# हेटौंडा उपमहानगरपालिका
# सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) निर्देशिका, २०७७

**प्रस्तावनाः**

धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानीकारक भएको र धूम्रपान तथा सूर्ति सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थको व्यवस्थितबिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ले दिएको अधिकार प्रयोग गरि हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम " हेटौंडा उपमहानगरपालिका सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) निर्देशिका, २०७७ " रहेको छ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा–

(क) “उत्पादक” भन्नाले सूर्तिजन्य पदार्थको उत्पादक सम्झनु पर्छ।

(ख) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनु पर्दछ।

(ग) "उप प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ङ) “धूम्रपान” भन्नाले चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(छ) “निरीक्षक” भन्नाले दफा १० बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ज) “व्यवस्थापक” भन्नाले सम्बन्धित कार्यालयको प्रमुख भई काम गर्ने वा प्रमुखको अख्तियारी बमोजिम कार्य गर्ने व्यक्ति सम्झनु पर्दछ।

(झ) “समिति” भन्नाले दफा १४ बमोजिम गठित सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति सम्झनु पर्छ ।

(ञ) “सार्वजनिक स्थल” भन्नाले दफा ३ मा तोकिए बमोजिमको स्थल सम्झनु पर्छ ।

(ट) “सूर्तिजन्य पदार्थ” भन्नाले धूम्रपान वा सूर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ति, खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य सूर्तिजन्य पदार्थ सम्झनु पर्छ ।

(ठ) “सूर्ति सेवन” भन्नाले खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनु पर्छ ।

## परिच्छेद–२
## सूर्तिजन्य पदार्थको नियन्त्रण

३. **सार्वजनिक स्थल मानिनेः** (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछः–

(क) सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(ग) सार्वजनिक सवारीका साधन,

(घ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल, स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “कार्यस्थल” भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्छ ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज) होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह,

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

(२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्वेदनशीलतालाई विचार गरी उपमहानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ।

४. **सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न नहुनेः** (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन । तर सेवन क्षेत्रमा धूम्रपान तथा सूर्ति सेवन गर्न बाधा पुर्‍याएको मानिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, विमानस्थल वा पर्यटकीय स्तरको होटलको कुनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्ने र असर गर्नेगरी सेवन गरे तत्काल उजुरी/सूचना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम धूम्रपान तथा सूर्ति सेवनको लागि छुट्याइएको ठाउँमा कायम गर्नु पर्ने आधारभूत कुराहरु व्यवस्था गर्नु पर्ने र त्यस्तो क्षेत्र स्थापना नभएको सार्वजनिक स्थलमा पूर्ण रुपमा सेवन निषेध हुने छ।

५. **सूचना टाँस गर्नु पर्नेः** व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा धूम्रपान तथा सूर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ ।

६. **घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न नहुनेः** कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न हुँदैन ।

## परिच्छेद–३
## सूर्तिजन्य पदार्थको व्यवस्थित बिक्री वितरण

७. **अनुमति लिनुपर्नेः** (१) यस उपमहानगरपालिका भित्र सूर्तिजन्य पदार्थकोविक्री वितरण गर्ने विक्रेताले उपमहानगरपालिकाबाट अनुमति लिएर मात्र विक्री वितरण गर्न पाउने छ ।

(२) सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न तोकिएको प्रक्रिया पुरा गरि विक्रेताले निवेदन दिएपछि उपमहानगरपालिकाले तोकिएको दस्तुर लिई अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

(३) दफा (२) बमोजिम प्राप्त अनुमतिपत्र वार्षिक रुपमा उपमहानगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको दस्तुर तिरी नवीकरण गर्नुपर्नेछ ।

८. **विज्ञापन तथा प्रायोजन गर्न नपाइनेः** उत्पादक लगायत कसैले पनि यस उपमहानगरपालिका भित्र पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई–मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

९. **बिक्री वितरण तथा प्रदर्शनमा बन्देजः** (१) कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सूर्तिजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरेको प्रमाण सम्बन्धित क्रेताले पेश गर्नु पर्नेछ।

(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन ।

(४) कसैले पनि फुटकर रुपमा चुरोट, बिंडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न पाउने छैन ।

(५) कसैले पनि निःशुल्क रुपमा सूर्तिजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।

(६) यस उपमहानगरपालिका भित्र सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न उपमहानगरपालिकाबाट इजाजतपत्र लिनु पर्नेछ ।

(७) कसैले पनि सूर्तिजन्य पदार्थ प्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन ।

## परिच्छेद–४
## निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरी

१०. **निरीक्षक सम्बन्धी व्यवस्थाः** (१) कसैले यस निर्देशिका विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस निर्देशिका बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले आफुले गरेको कामको विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस निर्देशिकामा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. **निरीक्षण गर्न सक्नेः** (१) कसैले यस निर्देशिकका विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा बिक्रेताले वा व्यवस्थापकले यस निर्देशिका बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा विक्रेताले यस निर्देशिका बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा यस निर्देशिका बमोजिम गर्नु पर्ने कुराहरु पूरा गर्न सम्बन्धितबिक्रेतालाई निर्देशन दिन वा तत्काल जरीवाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशनबिक्रेताले पालना गर्नु पर्नेछ ।

## परिच्छेद–५
## सजाय तथा पुनरावेदन

१२. **सजायः** (१) कसैले यस निर्देशिका विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा व्यवस्थापकले देहाय बमोजिम सजाय गर्नु पर्नेछः–

(क) धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा पाँच सय रुपैयाँजरिबाना वा दुवै सजाय गर्ने। (ख) धूम्रपान वा सूर्ति सेवन गर्ने व्यक्ति

सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीय कारबाही गर्नु पर्ने ।

(ग) निरीक्षकले निरीक्षणको क्रममा उपदफा (१) को खण्ड क र ख बमोजिमको कार्य भएको प्रत्यक्ष देखेमा वा अन्य सार्वजनिक स्थलमा धुमपान एंव सुर्तीजन्य पदार्थ सेवन गरे वासार्वजनिक स्थलमा गरेको सुर्ति सेवन जन्य प्रदुषण समेतको तत्काल जरिवाना गर्न सक्नेछ।

(२) उल्लेखित जरिबाना वापत लिएको रकम उपमहानगरपालिकाको संचित कोष खातामा जम्मा गर्नु पर्नेछ ।

१३. **पुनरावेदनः**निरीक्षकले गरेको कारवाही र जरिवाना उपर प्रमुख प्रशासकिय अधिकृत समक्ष सात दिन भित्र पुनरावेदन दिन सक्नेछ र प्रमुख प्रशासकीय अधिकृतलेगरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद–६
## विविध

१४. **अनुगमन समितिः**सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमन गर्न तथा यस निर्देशिकाको पालना भए नभएको अनुगमन गर्न नगर उप–प्रमुखको संयोजकत्वमा रहेको बजार अनुगमन समितिलाई बजार अनुगमनको अधिकार हुनेछ ।

१५. **अनुगमन समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–**

(क) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा उपमहानगर नगरकार्यपालिका समक्ष सुझाव पेश गर्ने,

(ख) धूम्रपान तथा सूर्ति सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) धूम्रपान तथा सूर्ति सेवनको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वस्थ जीवन यापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निरीक्षकको काम कारबाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(च) सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगमा न्यूनीकरणको लागि आवश्यक काम गर्ने,

(छ) व्यवस्थापकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ज) व्यवस्थापकको काम कारबाहीको सम्बन्धमा व्यवस्थापकलाई आवश्यक निर्देशन दिने,

(झ) निर्देशिकाले तोके बमोजिमको व्यवस्था कायम बजार अनुगमन गर्ने ।

१६. **जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्नेः** (१) उपमहानगरपालिकाले यस निर्देशिका बमोजिम जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूर्तिजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ ।

१७. **नियम तथा कार्यविधि बनाउन सकिनेः** यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न उपमहानगरपालिकाकाले आवश्यकता अनुरुप नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१८. **सहयोग गर्नु पर्नेः** यस निर्देशिका बमोजिमको कुनै काम कारबाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ ।

१९. **कार्यविधिको व्याख्याः-** यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

२०. **संसोधन, बचाउ र खारेजीः** यो निर्देशिका संसोधन वा खारेज गर्न आवश्यक देखेमा नगरकार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ।योनिर्देशिकामा लेखिएका कुराहरु संघिय कानुन, प्रदेश कानून र प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको हद सम्म स्वतः निष्कृयहुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
प्रमाणीकरण मितिः-२०७७/०७/२३ नमराज घिमिरे
हेटौंडा उपमहानगरपालिका

हेटौंडा राजपत्र